# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: ०७९/८०
चलानी नम्बर:

लुङ्ग्री गाउँपालिका भित्र संचालन भैरहेको तीन पांग्रे सवारी (अटो रिक्सा) गाउँपालिकामा दर्ता हुने सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित भएको मिति २०७९/१२/०१**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (ट) बमोजिम स्थानीय तह भित्र संचालन हुने तीन पांग्रे सवारी साधन (अटो रिक्सा) सम्बन्धित स्थानीय तहमा दर्ता भई अनुमति लिएर मात्र संचालन हुन पाउने व्यवस्था रहेको हुँदा यस लुङ्ग्री गाउँपालिका क्षेत्र भित्र संचालन हुने तीन पांग्रे सवारी साधन (अटो रिक्सा) यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०७९/१२/१५ गते) भित्र यस कार्यालयमा तपसिल बमोजिमको कागजात सहित निबेदन पेश गर्नुहुन प्रथम पटक यो सूचना जारी गरिएको छ । उल्लेखित मिति भित्र दर्ता भई अनुमति नलिने सवारी साधनलाई कानून बमोजिमको कारवाही हुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

संलग्न गर्नु पर्ने कागजातहरु:

१. निबेदन
२. सवारी साधनको दर्ता / नबिकरण भएको प्रमाण पत्रको प्रतिलिपि
३. सवारी धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
४. सवारी चालक अनुमति पत्रको प्रतिलिपि

२०७९।१२।१

(धर्मराज बुढा)
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज बुढा
प्रमुख प्रशासकीय अधिकृत

पुनश्च : लुङ्ग्री गाउँपालिकाको आर्थिक ऐन, २०७९ बमोजिम तीन पांग्रे सवारी साधन (अटो रिक्सा) को दर्ता अनुमति दस्तुर रु १०००/- तिर्नुपर्ने छ ।

Mobile no.:9857824566/9857821234 Email: lungrimun@gmail.com